**०२४÷२०८२÷०८३**

# प्रेस विज्ञप्ति

## नाडा अटो शो २०२५ : नेपालको अटोमोटिभ उद्योगमा नवप्रवर्तन र उत्साहको नयाँ अध्याय

**काठमाडौं, साउन २०८२** – नेपालका सबैभन्दा प्रतीक्षित अटोमोटिभ कार्यक्रममध्ये अग्रणी **UNITREE प्रस्तुत गर्दछ: नाडा अटो शो २०२५**, यही **भदौ ३ गतेदेखि ८ गतेसम्म** काठमाडौंको **भृकुटीमण्डप प्रदर्शनी स्थलमा** आयोजना हुँदैछ।**नाडा अटोमोबाइल्स एशोसिएसन अफ नेपाल**द्वारा आयोजित यस शोको **उद्घाटन नेपाल सरकारका माननीय उपप्रधानमन्त्री एवं अर्थमन्त्री श्री विष्णु प्रसाद पौडेलज्यूले** गर्नुहुनेछ।

यो केवल प्रदर्शनी मात्र नभई, **नेपालको दिगो, स्मार्ट र भविष्यमुखी मोबिलिटी** को प्रतिबिम्ब हो।“**Go For More**” भन्ने नारासहित आयोजना हुने यस वर्षको शोले नवीनतम प्रविधि, ग्राहक संलग्नता र अटो क्षेत्रको सम्पूर्ण पारिस्थितिकी तन्त्रलाई एकै छानामुनि ल्याउनेछ।

**उन्नत प्रविधि र भविष्यतर्फको कदम**

नाडा अटो शो २०२५ मा निम्न विशेष प्रविधिहरू प्रस्तुत गरिनेछन्:

- **UNITREE रोबोट्स** – स्वचालन र बुद्धिमत्ताको नयाँ युगको प्रतीकस्वरूप उन्नत चारपांग्रे रोबोटहरू
- **Deepal eVTOL UAV** – भविष्यको शहरी हवाई मोबिलिटीको पहिलो झलक

यसका अतिरिक्त:

- **१९ वटा चारपांग्रे ब्रान्डहरू**
- **१३ वटा हल्का व्यावसायिक सवारी साधन ब्रान्डहरू**
- **४ वटा दुईपांग्रे सवारी ब्रान्डहरू**
- **३५ कम्पनीहरू** (ल्युब्रिकेन्ट, टायर, ब्याट्री, ग्यारेज उपकरण र वित्तीय संस्थाहरू)
- **१२५ भन्दा बढी प्रदर्शकहरू**
- **१ लाखभन्दा बढी आगन्तुकको अपेक्षा**

**३ लाख वर्गफुट क्षेत्रफल** र **१,६२,५०० वर्गफुट प्रदर्शनी क्षेत्र** सहित यो नेपालको अहिलेसम्मकै **सबैभन्दा ठूलो अटो शो** हुनेछ।

**सशक्त साझेदारी र व्यवस्थापन**

कार्यक्रम निम्न साझेदार संस्थाहरूको सशक्त समर्थनमा सम्पन्न हुँदैछ:

- **Title Sponsor:** UNITREE (MAW Vriddhi)
- **Co-Sponsor:** Shikhar Insurance Company Ltd.
- **Powered By:** Campa Cola
- **Mobility Partner:** Yango
- **Exclusive Ticketing Partner:** Khalti by IME (भदौ २ गतेसम्म अग्रिम टिकटमा २०% क्यासब्याक)
- **Official Internet Partner:** WorldLink
- **Surveillance Partner:** CCTV Nepal
- **Fire Safety Partner :** Himalayan Safety Solutions Pvt. Ltd.
- **Hospital Partner:** Kist Hospital
- **Hospitality Partner:** The Plaza

- Door Prize: Nepal Lube Oil Limited (provide free lubricants in every service for one year for 12 lucky winners)
- **Event Managed by:** Global Exposition & Management Services Pvt. Ltd. (GEMS)

**सुविधा र सुरक्षा सुनिश्चित गर्ने व्यवस्था**

- **सुविधाजनक जोन विभाजन**: चारपांग्रे, दुईपांग्रे, व्यावसायिक सवारी, अटो पार्ट्स, वित्तीय सेवा आदि
- **टिकट प्रि-बुकिङः**: खल्ती एपमार्फत अग्रिम खरिद गर्न सकिने
- **मिडिया डेस्क**: सञ्चारकर्मीहरूको समन्वयका लागि
- **ट्राफिक सूचना डेस्क**: महानगरीय ट्राफिक प्रहरी साझेदारीमा
- **आपतकालीन स्वास्थ्य टोली**, **सुरक्षा निगरानी**, **आगो नियन्त्रण व्यवस्था**

**प्रमुख आकर्षणहरू**

- **विन्टेज मोटर शो** – ऐतिहासिक सवारी साधनहरूको प्रदर्शन:
  - Morris Minor
  - Fiat
  - Peugeot
  - Beetle
  - Mini Cooper
  - Toyota RT
  - Mercedes Benz
  - Toyota RT40
  - VW Bus
  - Toyota Corolla
  - Mazda Familia
  - Toyota MR2
- **Made in Nepal Pavilion** – स्वदेशमै निर्माण भएका सवारी तथा पार्ट्सको प्रदर्शनी
- **International Business Pavilion** – अन्तर्राष्ट्रिय लगानी र सहकार्य प्रवर्द्धन गर्ने थलो
- **सेमिनार, कार्यशाला, अन्तरक्रिया** – ईभी, स्मार्ट मोबिलिटी र दिगोपनमा केन्द्रित
- **दैनिक भाग्यशाली विजेता घोषणा** – एक वर्षसम्म निःशुल्क ल्युब्रिकेन्ट सेवा (Nepal Lube Oil Ltd. द्वारा प्रायोजित)

**दावीभन्दा पर- उदाहरणीय नेतृत्वको चिनारी**

जहाँ कतिपयले आफूलाई "ठूलो" वा "सबैभन्दा राम्रो" भन्दै हल्ला गर्छन्, **त्यहाँ नाडा अटो शोले तथ्य, निरन्तरता र विश्वसनीयताबाट आफैंलाई स्थापित गरिसकेको छ।**

१६ संस्करणहरूको सफल इतिहास, अग्रणी ब्रान्डहरूको सहभागिता, र लाखौं दर्शकहरूको विश्वासले नाडा अटो शो लाई **नेपालको अटोमोटिभ उद्योगको सर्वोत्कृष्ट मञ्च**को रूपमा परिचित गराएको छ।

**हाम्रो यात्रामा तपाईंको सहभागिता महत्वपूर्ण छ**

उपभोक्ता, प्रविधिप्रेमी, उद्यमी वा उद्योग विश्लेषक- **नाडा अटो शो २०२५** तपाईंका लागि हो।

**नवप्रवर्तन अनुभव गर्नुहोस्।सम्भावनाहरू अन्वेषण गर्नुहोस्।Go For More।**

करण चौधरी
अध्यक्ष नाडा अटोमोवाईल्स एशोसिएशन अफ नेपाल
सभापती नाडा अटो शो २०२५ आयोजक समिति